सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको चौंथो त्रैमासिक प्रगति विवरण

## (PROACTIVE DISCLOSURE)

आ.व. २०७९/०८०

**बैशाख-आषाढ**




**प्रकाशक:**

नेपाल सरकार

गृह मन्त्रालय

## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरवार, काठमाडौं ।

# बिषय सूची


१. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्वरुप र प्रकृति....१

२. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको काम, कर्तव्य र अधिकार....२

३. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा रहने कर्मचारी संख्या र कार्य विवरणः....४

३.१.कर्मचारी संगठन संरचना....५

३.२.कर्मचारी संख्या विवरण....५

३.३.कार्यविवरण....७

३.३.१.नीति योजना तथा अनुगमन महाशाखा....७

३.२.३.जोखिम न्यूनीकरण तथा कार्यसञ्चालन महाशाखा....१०

४. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कर्मचारीको जिम्मेवारी विवरण,....२२

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः....२२

६. निर्णय गर्ने प्रक्रिया र अधिकारी....२२

७. निर्णयउपर उजुरी सुन्ने अधिकारी, ....२२

८. यस अवधिमा प्राधिकरणले सम्पादन गरेका कामको विवरण....२३

९. सूचना अधिकारी र प्रमुखको नाम र पद....३०

१०. विपदसँग सम्वन्धित ऐन, नियम, विनियम तथा निर्देशिकाहरु....३०

११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण, ....३१

१२. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको वेवसाइट....३२

१३. वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता विवरण....३२

१४. सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन....३२

१५. वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि....३२

१६. सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना उपलब्ध गराईएको विषय....३२

१७. सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण....३२

## १. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्वरुप र प्रकृति

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम यस राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना भएको हो । कार्यकारी प्रमुखको नियुक्ति २०७६/०७/२९ गते भएसँगै प्राधिकरण स्थापना भएको हो । सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् रहेको छ भने माननीय गृह मन्त्रीज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति रहेको छ । परिषद र समितिको सदस्य-सचिवका रुपमा यस प्राधिकरणका कार्यकारी प्रमुख रहने व्यवस्था ऐनले गरेको छ । यस प्राधिकरणले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय स्रोत निकायको रूपमा कार्य गर्ने अधिकार रहेको छ । हाल यसको कार्यालय सिंहदरबार, काठमाण्डौमा रहेको छ । प्राधिकरणको स्थापनासँगै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यमा तदारुकताकासाथ अघि बढेको छ । विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार केन्द्रमा प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् रहने व्यवस्था छ । यसले विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति तथा योजनाहरू तर्जुमा गर्ने कार्य गर्दछ । परिषद् मातहतमा रहने गरी गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समिति रहने र उक्त समिति अन्तगत रहने गरी राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था गरिएको छ । त्यसै गरी उक्त ऐनले प्रदेश स्तरमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति रहने जसले परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजनाको अधीनमा रही प्रदेशमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने गर्दछ । सोही ऐन बमोजिम हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारी संयोजक रहने गरी जिल्ला विपद् व्यवस्थापन समिति रहन्छ भने गाउँ /नगर कार्यपालिकाका अध्यक्ष/प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिको गठन हुने व्यवस्था रहेको छ ।

## २. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको काम, कर्तव्य र अधिकार

(क) परिषद् तथा कार्यकारी समितिबाट स्वीकृत योजना, कार्यक्रम तथा निर्णय कार्यान्वय गर्ने, गराउने,

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय स्रोत निकायको रूपमा कार्य गर्ने,

(ग) नदी नियन्त्रण, बाढी, पहिरो, भकूम्प, भू-मण्डलीय तापमान वृद्धि, जलवायु परिवर्तन, भू-उपयोग र विभिन्न प्रकोप तथा विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन, अनसुन्धान गर्ने, गराउने,

(घ) प्रदेश तथा स्थानीय तहलाई विपद् व्यस्थापन सम्बन्धी आवधिक योजना निर्माण गर्न आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(ङ) विपद् व्यस्थापन सम्बन्धी कार्यमा गैरसरकारी संस्था, निजी क्षेत्र एवं स्थानीय समुदायलाई संलग्न गर्ने, गराउने तथा तिनीहरुको कार्यमा समन्वय एवं सहजीकरण गर्ने,

(च) सङ्घ, प्रदेश तथा स्थानीय तहमा खोज तथा उद्धार समूहको गठन तथा क्षमता विकास गरी प्रभाकारी खोज, उद्धार तथा राहत प्रदान गर्ने, गराउने,

(छ) विपद्को घटना हुनासाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ज) विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह, फ्लाइङ्ग स्क्वाड, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिज्ञ लगायतका सरोकावाला संस्थालाई परिचालन गर्ने, गराउने,

(झ) विपद्का घटना पश्चात मानविय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवं प्राप्त हुने नगद तथा राहत सामग्रीको व्यस्थापन गर्ने, गराउने,

(ञ) विपद् व्यस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं बहुक्षीय सहायताको एकीकृत अभिलेख राख्ने,

(ट) राष्ट्रिय विपद् व्यस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरी विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषेण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(ठ) नेपाल सरकारका विभिन्न निकाय लगायत अन्य संस्थालाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा सल्लाह सुझाव दिने,

(ड) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले आफ्ना कर्मचारी तथा कामदारलाई दिनु पर्ने विपद् व्यवस्थापन सम्बन्धी आधारभतू अभिमुखिकरण तालिमको विषय र मापदण्ड तोक्ने,

(ढ) विपद् व्यवस्थापनका सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीयस्तरका प्रशासनीक तथा सुरक्षा संयन्त्र तत्काल परिचालन हुने गरी दुरुस्त राख्न लगाउने,

(ण) विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, गराउने,

(त) विपद् जोखिम न्यूनीकरणको लागि भू-विज्ञान, भूकम्प विज्ञान, जल तथा मौसम विज्ञान, भौगोलिक सूचना प्रणाली, दूर संवेदन (रिमोट सेन्सिङ) प्रणाली, पूर्व चेतावनी प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरुको अध्ययन, अनसुन्धान गर्ने, गराउने र उपयुक्त प्रविधिको उपयोग गर्ने, गराउने,

(थ) विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्व जानकारी गराउन, तत्काल सूचना सङ्कलन, विश्लषेण तथा सम्प्रेषण गर्ने र खोज, उद्धार तथा राहत सम्बन्धी कार्यको

समन्वय तथा परिचालन गर्न राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(द) विपद्को समयमा तत्काल परिचालन हुने गरी फ्लाइङ्ग स्क्वाड गठन गर्ने,

(ध) विपद्को समयमा खोज, उद्धार तथा राहत कार्यका लागि तत्काल परिचालन गर्ने स्वयंसेवक ब्यूरो गठन गर्ने,

(न) विपद् प्रभावित क्षेत्रका नागरिकहरुलाई अस्थायी पुनर्स्थापना तथा सिकाइ केन्द्रको निर्माणमा स्थानीय समदुाय एवं स्वयंसेवकहरू परिचालन गर्ने, गराउने,

(प) विपद् प्रतिकार्यमा निजी तथा गैरसरकारी संस्था, स्थानीय समुदाय तथा अन्य सरोकारवालालाई समन्वयात्मक रूपमा परिचालन गर्ने, गराउने,

(फ) विपद्का लागि आपत्कालीन गोदाम घर सञ्चालन गर्ने तथा प्राप्त राहत सामग्रीको व्यवस्थापन गर्ने,

(ब) विपद् बाट प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गर्ने, गराउने,

(भ) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायले कार्यकारी समितिले निर्धारण गरेको भूमिका तथा जिम्मेवारी निर्वाह गरे नगरेको विषयमा अनुगमन गरी कार्यकारी समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(म) विपद् व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

## ३. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा रहने कर्मचारी संख्या र कार्य विवरणः

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०६/११ को निर्णयानुसार स्वीकृत भई हाल कायम रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संगठन संरचना देहाय बमोजिम रहेको छ ।

## ३.१.कर्मचारी संगठन संरचना

**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संगठन संरचना**




## ३.२.कर्मचारी संख्या विवरण

### राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

(दरबन्दी र हालको कर्मचारीको अवस्था)

| सि.नं | पदको नाम | श्रेणी/तह | सेवा | समुह | दरबन्दी | कार्यरत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यकारी प्रमुख | विशिष्ट | | | १ | श्री अनिल पोखरेल | |
| २ | सह सचिव | रा.प.प्रथम | नेपाल प्र. | | १ | श्री रुद्रसिंह तामाङ्ग | |
| ३ | सह सचिव | रा.प.प्रथम | नेपाल इ. | सिभिल | १ | श्री रामेश्वर मरहट्टा | |
| ४ | उप सचिव | रा.प.द्धितीय | नेपाल प्र. | सा.प्रशासन | २ | श्री हिरादेबि पौडेल<br>श्री ध्रुव बहादुर खड्का<br>श्री कृष्ण गैहे<br>श्री जीवन प्रसाद दुलाल | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | श्री लिला कुमारी के.सी.<br>श्री सन्ध्या सिग्देल<br>श्री वेद प्रसाद अर्याल | |
| ५ | उप सचिव (प्रा) | रा.प.द्धितीय | नेपाल ई | सिभिल/हाईड्रोलोजि | १ | श्री राजेन्द्र शर्मा | |
| ६ | उप सचिव (प्रा) | रा.प.द्धितीय | वन | स्वा.एण्ड बा.क | | श्री सुन्दर प्रसाद शर्मा | काज |
| ७ | उप सचिव (प्रा) | रा.प.द्धितीय | नेपाल ई | सिभिल/जनरल | १ | श्री विजय राना मगर | |
| ६ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | सा.प्रशासन | ४ | श्री गंगा भट्टराई सुवेदी<br>श्री ममता कुमारी ओझा<br>श्री सुष्मा पोखरेल (ढुंगेल)<br>श्री प्रमेश शिवा<br>श्री सुन्दर वान्तवा<br>श्री शान्ति महत<br>श्री भरत राज पण्डेय<br>श्री उर्मिला अधिकारी<br>श्री स्मीता पौडेल<br>श्री तारा बहादुर कुँवर<br>श्री बासुदेव खनाल<br>श्री प्रभा अर्याल<br>श्री मिनक्षी भूर्तेल<br>श्री दिपक पाण्डेय<br>श्री खेमराज पौडेल<br>श्री बरदान सेजुवाल<br>श्री राजन घिमिरे | |
| ७. | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | श्री योगेश पराजुली | |
| ८ | मेटेरियोलोजिष्ट | रा.प.तृतीय | मेटेरोलोजी | | १ | रिक्त | |
| ९ | इञ्जिनियर | रा.प.तृतीय | जनरल | | १ | श्री सुशिलकुमार श्रेष्ठ<br>श्री बालदिप शर्मा | |
| | स.प्र.ना. उपरीक्षक | रा.प.द्धितीय | स.प्र.बल नेपाल | | १ | श्री पुरुषोत्तम भण्डारी | |
| १० | स.प्रहरी निरीक्षक | रा.प.तृतीय | स.प्र.बल नेपाल | | १ | श्री सुदर्शन अर्याल | |
| ११ | प्रहरी नायब निरीक्षक | रा.प.अनं. प्रथम | नेपाल प्रहरी | | १ | श्री अमृत थापा | |
| १२ | जियोलोजिष्ट | रा.प.तृतीय | नेपाल ई | जियोलोजी | १ | श्री राजेन्द्र आचार्य | |
| १३ | वातावरण निरीक्षक | रा.प.तृतीय | | | १ | श्री रिना चौधरी | |
| १४ | जि.आई.एस.एनालिष्ट | रा.प.तृतीय | | | १ | रिक्त | |
| १५ | रेडियो टेक्नोलोजीष्ट | रा.प.तृतीय | | | १ | रिक्त | |
| १६ | नायव सुव्वा | रा.प.अनं.प्र. | सा.प्रशासन | | २ | श्री सञ्जय श्रेष्ठ<br>श्री सुदर्शन खनाल | |
| १७ | लेखापाल | रा.प.अनं.प्र. | नेपाल प्रशासन | लेखा | १ | श्री मातृका प्रसाद कोइराला | |
| १८ | कम्प्युटर अप्रेटेर | रा.प.अनं.प्र. | | | ३ | श्री सुनन्दा पोखरेल<br>श्री उदेन सुवेदी | |
| १९ | स.क.अ. | रा.प.अनं.द्धि. | | | २ | श्री राजन भुजेल<br>श्री दिवश राई | |
| | प्र.ह. | रा.प.अनं.तृ | नेपाल प्रहरी | | | श्री सन्तोषकुमार चौधरी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्र.ज. | रा.प.अनं.च. | नेपाल प्रहरी | | | श्री सोबित थपलिया | |
| | प्र.ज. | रा.प.अनं.च. | नेपाल प्रहरी | | | श्री सुनिल | |
| २० | ह.स.चा. | श्रेणी विहीन | मे/ज.मे | | ४ | श्री देवराज ढुंगेल<br>श्री फत्तबहादुर थापा<br>श्री अशोक उप्रेती<br>श्री नसिर तामाङ | |
| २१. | कार्यालय सहयोगी | श्रेणी विहीन | सा.प्रशासन | | ७ | श्री उद्धवप्रसाद ढुंगाना<br>श्री कुमारी तामाङ<br>श्री निर्मलादेवी रावल (करार)<br>श्री सुष्मा बुढाथोकी (करार)<br>श्री कल्पना राई (करार)<br>श्री खिम बहादुर चौधरी (करार)<br>श्री सुजन निरौला (करार) | |
| **जम्माः** | | | | ३८ | | | |
| **हाल कार्यरत कर्मचारी संख्या** | | | | ५६ | | | |

# ३.३.कार्यविवरण

## ३.३.१.नीति योजना तथा अनुगमन महाशाखा

प्रशासन, योजना तथा अनुगमन एवम् विपद् अनुसन्धान, मापदण्ड निर्धारण तथा क्षमता विकास लगायत आर्थिक प्रशासन सम्बन्धमा समेत देहायका कार्यहरु यस महाशाखाबाट सम्पादन गरिन्छ ।

- विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन सम्बन्धी प्राधिकरणको वार्षिक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने कार्यान्वयनमा सहजीकरण गर्ने, गराउने ।
- विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समितिबाट निर्णय भए अनुसार गर्नुपर्ने कार्यहरूको लागि योजना तर्जुमा गर्न, कार्यान्वयन गर्ने, गराउने साथै कार्यकारी समितिको निर्णय अनुसार सूचना सबै सरोकारवालालाई उपलब्ध गर्ने, गराउने ।
- प्रदेश तथा स्थानीय तहलाई विपद् ब्यवस्थापन सम्बन्धी आवाधिक योजना, दीर्घकालीन योजना, वार्षिक नीति, रणनीति निर्माण गर्न आवश्यकतानुसार आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराउने ।

- गृह मन्त्रालयसगँ समन्वय गरी विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह लगायत अन्य निकायहरूसगँ समन्वय गर्ने,
- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न अन्तराष्ट्रिय निकाय/संस्था,गैरसरकारी संस्था, नीजि क्षेत्र, Civil Society हरूको विवरण अद्यावधिक गर्ने साथै आवश्यक समन्वय गर्ने,
- विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन कार्यकारी समितिले प्राधिकरणको संरचना, संगठन तथा ब्यवस्थापन सम्बन्धी सर्वेक्षण गर्ने निर्णय गरेमा त्यस्तो सर्वेक्षण गरी प्रतिवेदन तयार गर्ने,
- प्राधिकरणको प्रशासनीक (कर्मचारीको काज, भ्रमण, विदा लगायत) कार्य गर्ने, गराउने ।
- प्राधिकरण अन्तरगतका कर्मचारीको अभिलेख ब्यवस्थापन गर्ने, गराउने ।
- विपद् सम्वन्धी विभिन्न समारोह, दिवस, गोष्ठी, कार्यक्रम सम्बन्धी कार्य गर्ने, गराउने
- विपद् सम्बन्धी सूचना प्रणाली (DIMS) लाई व्यवस्थित एंव प्रभावकारी रुपमा सञ्चालनको ब्यवस्था मिलाउने ।
- विपद् सम्बन्धी अन्य निकायहरू Department of Hydrology and Metrology, Department of Mine and Geology आदिसंग Automation गर्ने कार्य गर्ने, गराउने।
- मनसुन, बाढी पूर्व सूचना, जोखिम नक्सांकन, लगायत जलजन्य प्रकोप व्यवस्थापन सम्बन्धमा आवश्यकता/माग अनुसार प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउने।
- जलविज्ञान, जलगुण तथा थिग्रेनी र हिमनदी, हिमतालहरूको मोडलिङ मार्फत विगतको घटनाक्रमको विश्लेषण गर्ने तथा भविष्यको आउन सक्ने विषम परिस्थितिको आँकलन गर्ने (Reconstruction of past events and Scenario development of Future states)
- विषम हावापानीको अवस्थामा विशेष सूचकहरू (Index) को थप अध्ययन, अनुसन्धान विश्लेषण गरी प्रतिवेदन तयार गर्ने र प्राधिकरणलाई उपलव्ध गराउने।

- विपद् ब्यवस्थापनका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह लगायत अन्य निकायहरूको सम्बन्धमा कार्यकारी समितिले निर्धारण गरेको भूमिका तथा जिम्मेवारी निर्वाह गरे नगरेको विषयमा अनुगमन गरी प्रतिवेदन तयार गर्ने, गराउने।
- प्राधिकरणबाट सम्पादन भएका आवधिक योजना, क्षेत्रगत योजना, दीर्घकालिन योजना तथा वार्षिक कार्यक्रमहरूको समिक्षा गरी प्रगति प्रतिवेदन तयार गर्ने, गराउने।
- नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा गरेका द्विपक्षीय तथा बहुपक्षीय अन्तराष्ट्रिय प्रतिवद्धता र रणनीतिहरुको आवश्यकतानुसार कार्यान्वयन गर्ने, गराउने तथा सोको प्रतिवेदन तयार गर्ने र सम्वन्धीत निकायमा पेश गर्न सहयोग गर्ने।
- प्राधिकरण मातहत रहने DEOC तथा मानवीय सहायता स्थलहरूको लागि आवश्यक बजेट व्यवस्था गर्न, गराउने साथै DEOC तथा सहायता स्थलहरूको नियमित अनुगमन गर्ने, गराउने ।
- विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट कार्यान्वयन भएको कार्यक्रमहरूको अभिलेख तथा विपद् सम्बन्धी सूचना अद्यावधिक गर्ने, गराउने।
- सूचना तथा प्रविधि सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।
- प्राधिकरणको प्रशासनिक तथा खरिद इकाइको काम गर्ने, गराउने ।
- विपद् ब्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान खोज तथा विश्लेषण गर्ने, गराउने
- नदी नियन्त्रण, बाढी, पहिरो, भूकम्प, भूमण्डलीय तापमान बृद्धि, जलवायु परिवर्तन, भूउपयोग र विभिन्न प्रकोप तथा विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने ।
- विपद् जोखिम न्यूनीकरणका लागि सीप, कौशल र चेतना अभिवृद्धि गर्न सहयोग गर्ने, गराउने,
- विपद् प्रतिकार्यका लागि पूर्वतयारी अवस्थामा रहने ।

- विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्व जानकारी गराउन तत्काल नेपाल सरकारद्वारा तर्जुमा भएका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानुन, नीति, रणनीति, मापदण्ड र कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्ने,
- मौसमसँग सम्वन्धीत पूर्वानुमान, सूचना तथा जानकारीहरु तयार गर्ने साथै सो को जानकारी तत्काल सरोकारवालाहरुलाई उपलब्ध गर्ने गराउने,
- मौसम सम्वन्धी सूचना तथा जानकारी तात्कालिक रुपमा सरोकारवालाहरुलाई उपलव्ध गराउने,
- समग्र मौसमी अवस्थाको नियमित अनुगमन तथा विश्लेषण गर्ने,गराउने,
- विपद् ब्यवस्थापन सम्बन्धी कार्य गर्ने सरकारी निकाय, गैरसरकारी संस्था र निजी क्षेत्रका कार्यक्रमलाई नेपाल सरकारको प्राथमिकता तथा आवश्यकताको आधारमा परिचालन गर्न मार्गदर्शन गर्ने र त्यस्ता कार्यको अनुगमन गर्ने, गराउने,
- सार्वजनिक संस्था तथा ब्यवसायिक प्रतिष्ठानले प्रतिष्ठानको प्रकृतिको आधारमा आफ्ना कर्मचारी तथा कामदारलाई दिनुपर्ने विपद् ब्यवस्थापन सम्बन्धी आधारभूत अभिमुखीकरण तालिमको विषय र मापदण्ड तोक्न, आवश्यकता अनुसार तालिम, प्रशिक्षण कार्यक्रमहरु संचालन गर्न, गराउने,
- फ्लाइङ स्क्वाडको लागि तालिम सञ्चालन गर्ने,
- विपद्बाट प्रभावित ब्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने।

## ३.२.३.जोखिम न्यूनीकरण तथा कार्यसञ्चालन महाशाखा

जोखिम न्यूनीकरण, पूर्वतयारी तथा पूनर्लाभ, विपद् अनुसन्धान, मापदण्ड निर्धारण तथा क्षमता विकास एवम् राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र सम्बन्धी देहाय बमोजिमका कार्यहरु यस महाशाखाबाट गरिन्छ ।

- सूचना संकलन विश्लेषण तथा सम्प्रेषण गर्न र खोज उद्धार तथा राहत सम्बन्धी कार्यको समन्वय गरी तयारी अवस्थामा राख्ने

- विपद् प्रतिकार्यको समयमा विषयगत निकायसँग छलफल गर्ने र परिचालन (Cluster Activation) का लागि कार्ययोजना वनाउने ।
- विपद्को समयमा नेपाली सेना, नेपाल प्रहरी, शशस्त्र प्रहरी लगायत सुरक्षा निकाय, स्वयमसेवक व्यूरो, फ्लाइङ्ग स्क्वाड लगायत संयन्त्र परिचालन गर्ने
- विपद् प्रतिकार्यमा निजी तथा गैरसरकारी संस्था स्थानीय समुदाय तथा अन्य सरोकारवालालाई समन्वयात्मक रुपमा परिचालन गर्ने, गराउने ।
- विपद्का लागि आपत्कालिन गोदाम घर सञ्चालन गर्ने, प्राप्त राहत सामाग्रीको ब्यवस्थापन गर्ने, विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिबृद्धि गर्ने, गराउने ।
- विपद् प्रभावित क्षेत्रका नागरिकलाई अस्थायी पुनर्स्थापना तथा सिकाई केन्द्रको निर्माणमा स्थानीय समुदाय एवं स्वयमसेवक परिचालन गर्ने, गराउने ।
- विपद् जोखिम न्यूनीकरण सम्पर्क ब्यक्ति (Focal Persons) को बैठक आयोजना गर्ने ।
- केन्द्रीय विपद् ब्यवस्थापन समितिबाट जिल्ला विपद् ब्यवस्थापन कोषमा रकम निकासा तथा विपद् प्रतिकार्यका लागि खर्च भूक्तानि सम्बन्धी कार्य गर्ने।
- विपद्को समयमा विपद् प्रतिकार्यको लागि अन्तराष्ट्रिय द्विपक्षीय र बहुपक्षीय सहयोगको पूर्व तयारी बारे जानकारी लिने र सो व्यवस्था सम्बन्धी जानकारी सम्बन्धितलाई गराउने।
- पूर्व तयारी, पूर्व सूचना तथा संचारको विषयमा अन्तर तह र निकाय बीच समन्वय र सहकार्य कायम गर्ने गराउने,
- विपद्का घटना पश्चात् द्रूत क्षति आँकलन गर्ने र पुनर्लाभ तथा पुनर्स्थापनाका लागि आवश्यक व्यवस्था र समन्वयात्मक कार्य गर्ने गराउने,
- विपद्बाट प्रभावित व्यक्ति तथा समुदायलाई मानवीय सहायता उपलब्ध गराउँदा आधारभूत मानवीय मापदण्ड (Core Humanitarian Standard) को अनुसरण गर्न गराउन आवश्यक पहल गर्ने गराउने,
- विपद्का घटना पश्चात मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तराष्ट्रिय समूह एवम् प्राप्त हुने नगद तथा राहत सामग्रीको व्यवस्थापन र लेखाजोखा गर्ने, गराउने।

- विपद् पुनर्लाभ तथा पुनर्स्थापना सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायलाई निर्धारित गरेको भूमिका तथा जिम्मेवारी निर्वाह गरे नगरेको विषयमा अनुगमनको व्यवस्था गरी प्रतिवेदन तयार गर्ने गराउने,
- पुनर्लाभ र पुनर्स्थापनाका लागि प्रदेश, जिल्ला र स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारी प्रवर्धन गर्ने व्यवस्था मिलाउने र ती तहहरूले आ-आफ्नो भूमिका तथा जिम्मेवारी निर्वाहको विषयमा अनुगमनको व्यवस्था मिलाई प्रतिवेदन गर्ने गराउने,
- विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन कार्यकारी समिति र परिषद् बाट भएका निर्णय कार्यान्वयन गर्ने गराउने ।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी मापदण्ड, नक्सा, डिजाइन तयार गरी सरोकारवाला निकायसँग समन्वय गरी कार्यान्वयन गर्न जोड दिने,
- विपद् जोखिम सम्वेदनशिल विकासलाई जोड दिई सार्वजनिक तथा निजी पूर्वाधार निर्माणमा आवश्यक मापदण्ड तयार गरी लागू गर्ने,गराउने,
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयलाई विकास कार्यक्रममा मूल प्रवाहिकरण गर्न आवश्यक प्राविधिक कार्यहरू गर्ने गराउने,
- सार्वजनिक तथा निजी भवन, सार्वजनिक सडक, पूल, विमान स्थल, लगायतको जोखिम मूल्याङ्कन गरी आवश्यक सल्लाह सुझाव प्रस्तुत गर्ने,गराउने,
- भुकम्प प्रतिरोधी तथा चट्याङ्ग प्रतिरोधी भवन निर्माण गर्न नमुना Building code बनाउने, कार्यान्वयनमा समन्वय गर्ने,गराउने,
- विपद् ब्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान खोज तथा विश्लेषण गर्ने, गराउने ।
- विपद् व्यवस्थापन सम्बन्धी पाठ्यक्रम निर्माण तथा तालिमको ढाँचा तयार गर्न सहयोग गर्ने, गराउने
- नदी नियन्त्रण, बाढी, पहिरो, भूकम्प, भूमण्डलीय तापमान बृद्धि, जलवायु परिवर्तन, भूउपयोग र विभिन्न प्रकोप तथा विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने ।

- नेपाल सरकारका विभिन्न निकाय लगायत अन्य संस्थालाई विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापनसंग सम्बन्धित  अध्ययन अनुसन्धान तथा मापदण्ड निर्माण तथा कार्यान्वयनका विषयहरुमा प्राविधिक सहायता उपलव्ध गराउने ।
- विपद् जोखिम न्यूनीकरणका लागि भूविज्ञान, जल तथा मौषम विज्ञान, भौगोलिक सूचना प्रणाली, दूर संवेदन (रिमोट सेन्सिङ) प्रणाली, पूर्व चेतावनी प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरुको अध्ययन अनुसन्धान गर्ने, गराउने र उपयुक्त प्रविधिको उपयोग गर्ने गराउने,
- विपद् व्यवस्थापन आधुनिक सूचना प्रणाली विकास सम्बन्धी कार्य गर्ने गराउने,
- विपद् जोखिमको अध्ययन तथा अनुसन्धानमा सरकारी निकायहरु, निजी तथा साझेदार, गैर सरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, विश्व विद्यालय र अनुसन्धान केन्द्रहरु तथा अन्य सरोकारवालाहरु बीच सहकार्य र समन्वय गर्ने, गराउने,
- खडेरी,जलवायु परिवर्तन सम्वन्धी तथ्य, आंकलन, सूचना, जानकारीहरु अध्ययन गर्ने गराउने साथै विषम हावापानीको अवस्थामा विशेष सूचकहरु (Index) को थप अध्ययन, अनुसन्धान गरी विश्लेषण तयार गर्ने,
- संघ, प्रदेश तथा स्थानीय तहमा खोज तथा उद्धार समूहको गठन तथा क्षमता विकास गरी प्रभावकारी खोज, उद्धार तथा राहत प्रदान गर्ने, गराउने,
- विपद्का घटना हुनासाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका ब्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित वासिन्दाको जीउधनको भरपर्दो सुरक्षा ब्यवस्था मिलाउन सम्बन्धित निकायसंग समन्वय गर्ने गराउने,
- विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय खोज तथा उद्धार समूह, फ्लाइङ स्क्वाड, स्थानीय समूदाय, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, स्वयम सेवक, प्राविधिक लगायतका सरोकारवाला संस्थालाई परिचालन गर्ने गराउने,
- विपद् प्रभावितको खोज तथा उद्धारका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज तथा उद्धार समूह एवम् प्राप्त हुने नगद तथा राहत सामाग्रीको ब्यवस्थापन गर्ने गराउने,

- विपद् प्रभावितको खोज तथा उद्धारका लागि प्राप्त हुने अन्तर्राष्ट्रिय द्विपक्षिय एव बहुपक्षिय सहायताको एकीकृत अभिलेख राख्ने,
- विपद्को समयमा अन्य सरकारी निकायका कर्मचारी आवश्यक पर्ने अवस्था आइ परेमा विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन कार्यकारी समितिको निर्णय अनुसार कर्मचारी परिचालन गर्ने, गराउने,
- विपद्को समयमा प्राप्त राहत सामाग्रीलाई सुरक्षित रुपमा भण्डारण गर्ने र प्रभावितलाई पारदर्शी रुपमा राहत वितरणको ब्यवस्था मिलाउने,
- विपद्को समयमा तत्काल परिचालन हुने गरी फ्लाइङ स्क्वाड र स्वयम सेवक ब्यूरो गठन गर्न सुरक्षा निकायसंग समन्वय गर्ने गराउने,
- राहत संकलन र परिचालनमा दोहोरोपना आउँन नदिन एकद्वार प्रणाली अवलम्बन गर्ने गराउने,
- विपद्को समयमा विपद् प्रतिकार्यको लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह र संस्थालाई परिचालन गर्नुपर्ने भएमा प्राधिकरण मार्फत गृह मन्त्रालयसँग समन्वय गर्ने गराउने,
- विपद् प्रतिकार्यका अनुगमनको लागि अनुगमन संयन्त्रको व्यवस्था र परिचालन गर्न समन्वय र आवश्यक व्यवस्था गर्ने गराउने,
- खोज तथा उद्धार तत्काल सञ्चालन गर्न राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको हाताभित्र कमाण्ड पोष्ट खडा गर्ने गराउने,
- आपत्कालीन कार्य संचालन तथा प्रतिकार्यको लागि अन्तर तह र निकाय बीच समन्वय कायम गर्न आवश्यक व्यवस्था गर्ने गराउने,
- विपद् प्रतिकार्यको विभिन्न संघ संस्थाहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने गराउने।
- संघ, प्रदेश तथा स्थानीय तहमा खोज तथा उद्धार समूहको गठन तथा क्षमता विकास गरी प्रभावकारी खोज, उद्धार तथा राहत प्रदान गर्ने, गराउने,

- विपद्का घटना हुनासाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका ब्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित वासिन्दाको जीउधनको भरपर्दो सुरक्षा ब्यवस्था मिलाउन सम्बन्धित निकायसंग समन्वय गर्ने गराउने,
- विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय खोज तथा उद्धार समूह, फ्लाइङ स्क्वाड, स्थानीय समूदाय, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, स्वयम सेवक, प्राविधिक लगायतका सरोकारवाला संस्थालाई परिचालन गर्ने गराउने,
- विपद् प्रभावितको खोज तथा उद्धारका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज तथा उद्धार समूह एवम् प्राप्त हुने नगद तथा राहत सामाग्रीको ब्यवस्थापन गर्ने गराउने,
- विपद् प्रभावितको खोज तथा उद्धारका लागि प्राप्त हुने अन्तर्राष्ट्रिय द्धिपक्षिय एव बहुपक्षिय सहायताको एकीकृत अभिलेख राख्ने,
- विपद्को समयमा अन्य सरकारी निकायका कर्मचारी आवश्यक पर्ने अवस्था आइ परेमा विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन कार्यकारी समितिको निर्णय अनुसार कर्मचारी परिचालन गर्ने, गराउने,
- विपद्को समयमा प्राप्त राहत सामाग्रीलाई सुरक्षित रुपमा भण्डारण गर्ने र प्रभावितलाई पारदर्शी रुपमा राहत वितरणको ब्यवस्था मिलाउने,
- विपद्को समयमा तत्काल परिचालन हुने गरी फ्लाइङ स्क्वाड र स्वयम सेवक ब्यूरो गठन गर्न सुरक्षा निकायसंग समन्वय गर्ने गराउने,
- राहत संकलन र परिचालनमा दोहोरोपना आउँन नदिन एकद्वार प्रणाली अवलम्बन गर्ने गराउने,
- विपद्को समयमा विपद् प्रतिकार्यको लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह र संस्थालाई परिचालन गर्नुपर्ने भएमा प्राधिकरण मार्फत गृह मन्त्रालयसँग समन्वय गर्ने गराउने,

- विपद् प्रतिकार्यका अनुगमनको लागि अनुगमन संयन्त्रको व्यवस्था र परिचालन गर्न समन्वय र आवश्यक व्यवस्था गर्ने गराउने,
- खोज तथा उद्धार तत्काल सञ्चालन गर्न राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको हाताभित्र कमाण्ड पोष्ट खडा गर्ने गराउने,
- आपत्कालीन कार्य संचालन तथा प्रतिकार्यको लागि अन्तर तह र निकाय बीच समन्वय कायम गर्न आवश्यक व्यवस्था गर्ने गराउने,
- विपद् प्रतिकार्यमा विभिन्न संघ संस्थाहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने गराउने।

## प्राधिकरणबाट प्रदान गरिने सेवा

यस प्राधिकरण अन्तर्गतका महाशाखा तथा शाखाहरुको स्वीकृत कार्यविवरण बमोजिम प्रदान गरिने सेवा देहाय बमोजिम रहेका छनः

| महाशाखा मातहतका शाखाहरु | प्रदान गरिने सेवा |
|---|---|
| **<u>नीति योजना तथा अनुगमन महाशाखा</u>**<br><br>**१. प्रशासन, योजना तथा अनुगमन सम्बन्धी काम** | - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी प्राधिकरणको वार्षिक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने कार्यान्वयनमा सहजीकरण गर्ने, गराउने ।<br>- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समितिबाट निर्णय भए अनुसार गर्नुपर्ने कार्यहरूको लागि योजना तर्जुमा गर्न, कार्यान्वयन गर्ने, गराउने साथै कार्यकारी समितिको निर्णय अनुसार सूचना सबै सरोकारवालालाई उपलब्ध गर्ने, गराउने ।<br>- प्रदेश तथा स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी आवाधिक योजना, दीर्घकालीन योजना, वार्षिक नीति, रणनीति निर्माण गर्न आवश्यकतानुसार आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराउने ।<br>- गृह मन्त्रालयसगँ समन्वय गरी विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह लगायत अन्य निकायहरूसगँ समन्वय गर्ने,<br>- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न अन्तराष्ट्रिय निकाय/संस्था,गैरसरकारी संस्था, नीजि क्षेत्र, Civil Societyहरूको विवरण अद्यावधिक गर्ने साथै आवश्यक समन्वय गर्ने,<br>- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले प्राधिकरणको संरचना, संगठन तथा व्यवस्थापन सम्बन्धी सर्वेक्षण गर्ने निर्णय गरेमा त्यस्तो सर्वेक्षण गरी प्रतिवेदन तयार गर्ने,<br>- प्राधिकरणको प्रशासनीक (कर्मचारीको काज, भ्रमण, विदा लगायत) कार्य गर्ने, गराउने<br>- प्राधिकरण अन्तरगतका कर्मचारीको अभिलेख व्यवस्थापन गर्ने, गराउने ।<br>- विपद् सम्वन्धी विभिन्न समारोह, दिवस, गोष्ठी, कार्यक्रम सम्बन्धी कार्य गर्ने, गराउने<br>- विपद् सम्बन्धी सूचना प्रणाली (DIMS) लाई व्यवस्थित एंव प्रभावकारी रुपमा सञ्चालनको व्यवस्था मिलाउने ।<br>- विपद् सम्बन्धी अन्य निकायहरू Department of Hydrology and Metrology, Department of Mine and Geology आदिसंग Automation गर्ने कार्य गर्ने, गराउने।<br>- मनसुन, बाढी पूर्व सूचना, जोखिम नक्सांकन, लगायत जलजन्य प्रकोप व्यवस्थापन सम्बन्धमा आवश्यकता/माग अनुसार प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउने।<br>- जलविज्ञान, जलगुण तथा थिग्रेनी र हिमनदी, हिमतालहरूको मोडलिङ मार्फत विगतको घटनाक्रमको विश्लेषण गर्ने तथा भविष्यको आउन सक्ने विषम परिस्थितिको आँकलन गर्ने (Reconstruction of past events and Scenario development of Future states) |

| | |
|---|---|
